# तिला कर्णाली जलाधारका लागि भावी कार्यदिशा

तिला कर्णाली जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायीलगायत स्थानीय वासिन्दाले यी सुझावहरुको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले तिला कर्णाली जलाधारको वातावरणीय विषयहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरुका लागी समाधानउन्मुख र सुधारउन्मुख उपायहरु प्रदान गर्ने छ ।

| समस्या | कार्य/सुझाव |
|---|---|
| माछाको घट्दो संख्या | • जलचर संरक्षण समूहको स्थापना गर्ने तथा संरक्षणका लागि मछुवार समूहहरुलाई परिचालन गर्ने,<br>• जलचर संरक्षण ऐनको तर्जुमा गर्ने तथा माछा मार्ने विधिका विषयमा निर्देशिका लागू गर्ने,<br>• संरक्षणका प्रयासहरुमा समन्वय गर्न विषयगत सरकारी निकायहरुसँग बहसको शुरुवात गर्ने,<br>• जैविक विविधताको परिवर्तनलाई अनुगमन गर्न स्थानीय माझी समूहले कायम राख्ने गरी सामुदायकि जैविक विविधता खाता (रेजिस्टर) राख्ने,<br>• माझी समूह, गैर–सरकारी संस्था, समुदायमा आधारित संस्था, र सामुदायिक वन उपोभोक्ता समितिका लागि पैरवी तथा नेतृत्व विकासको तालिम प्रदान गर्ने, र<br>• जलचर तथा जलीय जैविक विविधताको संरक्षणको महत्वका बारेमा केन्द्रित रहने जनचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| अनुपयुक्त डिजाइनबाट ग्रामीण सडकहरुको निर्माण | • स्थानीय सरकारका कर्मचारीहरुका माझ वातावरणमैत्री स्थानीय शासन ढाँचाको बारेमा सचेतना जगाउने,<br>• पाखा तथा खोला किनारमा न्यून लागतमा कार्यान्वयन गर्न सकिने स्थिरीकरण (जस्तैः गेबियन बक्स)का बारेमा तालिम प्रदान गर्ने,<br>• वातावरणमैत्री ग्रामीण सडक निर्माणका लागि नियामक ढाँचाको तर्जुमा गर्न स्थानीय निकायहरुलाई सहयोग गर्ने, र<br>• निर्माणअघि सबै आयोजनाहरुलाई वातावरणीय अल्पीकरण योजना समावेश गर्न बाध्यकारी बनाउने |
| खडेरी तथा सुक्दो पानीका स्रोत | • पानीको दिगो प्रयोगको विषयमा जनचेतना जगाउने तथा वर्षाको पानी संकलन गर्ने प्रविधिको प्रवर्द्धन गर्ने,<br>• जलाधार क्षेत्रका पानीको मुहान वरिपरि तथा बाँझो जमीनमा वृक्षारोपण गर्ने,<br>• पानीको भण्डारण गर्न पहाडका माथिल्लो भू–भागमा परम्परागत खाल (पोखरी)लाई पुनर्स्थापना गर्ने,<br>• पोखरीहरुको पुनर्भरण/संरक्षणको प्रवर्द्धन गर्ने तथा जमिनमा पानीको अवशोषणलाई मद्दत गर्न आइब्रो पिट बनाउने, र<br>• जलाधारमा पानीको बहावलाई पुनर्स्थापना गर्न खोला खोल्सीका लागि पानी रसाउने भू–भाग (स्प्रिङसेड) व्यवस्थापनका गतिविधिहरुको कार्यान्वयन गर्ने । |
| प्राकृतिक स्रोतसम्मको पहुँचमा दलितप्रतिको भेदभाव | • मत्स्य तथा प्राकृतिक स्रोतहरु उपर स्थानीय समुदायको पहुँचलाई सहजीकरण गर्ने,<br>• निर्णय प्रक्रियामा समावेशी विकासका सिद्धान्तको आवश्यकताका बारेमा स्थानीय सरोकारवाला तथा निकायहरुको सशक्तिकरण गर्ने,<br>• विभेदको सम्भावनालाई निराकरण गर्ने समावेशी नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्ने, र<br>• स्थानीय योजना तर्जुमा प्रक्रियाको बारेमा स्थानीय दलित अगुवाहरुको बुझाइमा सुधार ल्याउन तालिम तथा क्षमता अभिवृद्धि प्रदान गर्ने । |
| वनविनाश तथा वन्यजन्तुको अवैध शिकार र चोरी निकास | • डढेलो तथा डढेलो लाग्ने कारणका बारेमा जनचेतना जगाउने,<br>• वृक्षारोपण कार्यक्रम तथा संरक्षणका गतिविधिको प्रवर्द्धन गर्ने,<br>• सामुदायिक वन उपोभोक्ता समूहमार्फत् चोरीशिकारी नियन्त्रणका लागि समुदायमा आधारित कार्यक्रमको शुरुवात गर्ने, र<br>• जलाधार क्षेत्रमा हुने गरेका चोरीशिकारीका घटनाका विरुद्ध जनचेतना अभिवृद्धि गर्न सञ्चार माध्यमको परिचालन गर्ने । |
| अप्रभावकारी ठोस फोहोरमैला व्यवस्थापन | • फोहोरमैला व्यवस्थापनमा न्यूनीकरण, पुनःप्रयोग र पुनर्चक्रण जस्ता अभ्यासहरुको शुरुवात गर्ने,<br>• स्थानीय सरकारका प्रतिनिधि, गैर–सरकारी संस्था, तथा समुदायमा आधारिक संस्थाहरुलाई ठोस फोहोरमैला व्यवस्थापनका विषयमा तालिम दिने,<br>• विद्यालय तथा समग्र समुदायमा उपयुक्त फोहोरमैला व्यवस्थापन प्रवर्द्धन गर्ने, र<br>• ठोस फोहोरमैला व्यवस्थापन सम्बन्धि विद्यमान नीति तथा कानूनहरुको बलियो कार्यान्वयनका लागि पैरवी गर्ने । |



USAID
FROM THE AMERICAN PEOPLE

युएसएड पानी परियोजना

# तिला कर्णाली जलाधार

## जलधारको संक्षिप्त पार्श्वचित्र

### सामुदायिक परिकल्पना:

समावेशी तथा समृद्ध तिला कर्णाली जलाधारको विकास गर्ने, हरित पूर्वाधार तथा पर्यापर्यटनलाई सहयोग गर्ने, तथा जिम्मेवार भएर जैविक विविधतालाई व्यवस्थापन गर्ने ।








# तिला कर्णाली जलाधार

तिला कर्णाली जलाधार नेपालको उत्तर पश्चिम भेगको कर्णाली नदीको बेसिनमा रहेको छ र कालिकोट तथा जुम्ला जिल्लामा फैलिएको छ। तिला कर्णालीको उचाइ दक्षिणमा ७३८ मिटरदेखि उत्तरमा ४,७९० मिटरसम्म फैलिएको छ। कृषि सबैभन्दा बढी संलग्न रहेको पेशा हो र कृषियोग्य जमीनमध्ये २५ प्रतिशतमा सिंचाई पुगेको छ।

रारातालसम्मको सडक तिला कर्णाली हुँदै अघि बढ्छ। यसको अर्थ, ओहोरदोहोर धेरै हुन्छ र उत्तर तथा दक्षिणतर्फका भू–भागमा सम्पर्क स्थापित भएको छ। यो स्थानले उक्त क्षेत्रमा पर्यापर्यटनको विकास गर्न अवसर प्रदान गरेको छ।

जलाधारमा भएका उच्च गतिमा बग्ने नदीको धारको प्रयोग गरी जलविद्युतको उत्पादन गर्ने व्यावसायिक रुचिका कारण जलाधार क्षेत्रको जलविद्युत एक जल्दोबल्दो सरोकारको बिषय हो। यो प्रतिवेदनको तर्जुमा गर्दासम्म, जलाधार क्षेत्रमा १० वटा लघु जलविद्युत सञ्चालनमा रहेका छन् भने सोही क्षेत्रमा थप चारवटा ठूला आयोजनाहरुको योजना अघि बढाइएको छ। ती ठूला चार आयोजनामध्ये तिला १ र तिला २बाट क्रमशः ४४० मेगावाट तथा ४२० मेगावाटको विद्युत उत्पादनको लक्ष्य राखिएको छ। यी आयोजनाले तिला कर्णालीको पानीको प्राकृतिक बहावलाई प्रभाव पार्नेछ।


असंख्य परामर्श तथा सयौं सर्वेक्षणमार्फत्, तिला कर्णालीमा पानीको उपलब्धतालाई अन्य प्रक्रियाहरुले पनि असर गरेको कुरा सहभागीहरुले सूचीकृत गरेका थिए जसमा वनविनाश, जलवायु परिवर्तन, खानी उत्खनन्, ग्रामीण सडक निर्माण, भिरालो जमीनमा हुने सुस्त कृषि उत्पादन, पहिरो, र अनियमित वर्षा रहेका छन्।

## संख्यामा तिला कर्णाली

| | |
|---|---|
| नदी बेसिन | तिला कर्णाली |
| नदी बेसिन | कर्णाली |
| प्रदेश | कर्णाली (नं. ६) |
| कुल जलाधार | ७६७.५ वर्ग किलोमिटर |
| नालाहरूको संख्या | २० |
| मुख्य नदीहरू | भर्तागाड, बालीगाड, तिला नदी, पोरीपाली, पादमगाड |
| ताल तथा सिमसारहरू | लेक दह |
| भूउपयोग | जङ्गल (५६%), चरण क्षेत्र (२५%), कृषि (१६%), बाँझो जमिन (२%), जलाशय (१%) |
| नगरपालिकाहरू | खाडाचक्र र तिलागुफा |
| गाउँपालिकाहरु | तिला, महाबी, र शुभ कालिका |
| जनसंख्या | ५२,४०२ (४९.९% पुरुष ५०.१% महिला) |
| जनघनत्व | ६८ जना प्रति वर्ग किलोमिटर |
| जातिय समूहहरू | ब्राह्मण/क्षेत्री/ठकुरी (७७.१%), दलित (२१.६%), जनजाति (१.६%) |

# तिला कर्णाली
# जलाधारको स्थलगत नक्सा


**River Basin: Karnali** **Watershed Code: 340**







## तिला कर्णाली क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहुसरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरुले पहिचान गरेका वातावरणीय सवालहरु यस नक्शामा राखिएका छन् । यस्ता सवालहरु र समस्याहरु व्याप्त रहेको क्षेत्रहरुको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरुले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरुको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ ।




## तिला कर्णाली जलाधार क्षेत्रको जलिय जैविक विविधतामा देखिएका जोखिमहरु

यो जलचरको जैविक विविधताको नक्सा विभिन्न सरोकारवालाहरुको सहयोगमा विकास गरिएको हो । यी सरोकारवालाहरुले जलचरको वासास्थान तथा जैविक विविधतासँग सम्बन्धित स्थानहरुको पहिचान गर्न तथा स्थानविशेषका आधारमा चुनौतीहरू पहिचान गर्न सहयोग गरेका थिए । सन्दर्भ नक्साको सिर्जना गर्न जिआइएस तथा स्थलगत अध्ययनबाट आएका तथ्याङ्कलाई समायोजन गरिएको यस्तो प्रकारको नक्साले जलिय जैविक विविधता संरक्षण गर्नका लागि प्रभावकारी रणनीतिको तर्जुमा गर्न सहयोग पुऱ्याउनेछ ।






# तिला कर्णाली जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरुसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरुका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ । यी सूचकहरुले तिला कर्णाली जलाधारको हालको स्वास्थ्य स्थितिलाई समेत दर्शाउँछ । जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ ।

## जलाधारको स्वास्थ्य अवस्थाहरु

राम्रो | ठिकै | नराम्रो

| | |
|---|---|
| सुशासन एवं समानता | नीतिगत प्रावधानको पालना (ठिकै); श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता (ठिकै); स्थानीय निकायहरुबीच समन्वय (ठिकै); नीतिगत प्रावधानको पालना (ठिकै); महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच (ठिकै); योजना तर्जुमामा सहभागित (ठिकै); लाभको बाँडफांडमा समतामूलक पहुँच (नराम्रो); निती नियममा कृयाशीलता (नराम्रो) |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | सिंचाई (ठिकै); गिट्टी बालुवा उत्खानन (ठिकै); जलविद्युत (नराम्रो) |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | असल अभ्यास अनुशरण (ठिकै); जलवायु जोखिम गम्भीरता (ठिकै); पुर्व सूचना प्रणालीमा पहुँच (ठिकै) |
| जैविक विविधता र वासस्थान | भू उपयोग (राम्रो); फोहोर व्यवस्थापन (ठिकै); घरेलु सरसफाइ (ठिकै); माछा मार्ने अभ्यास (नराम्रो); मिचाहा प्रजाती (नराम्रो); माछाको परिमाण (नराम्रो); प्रजाति विविधता (नराम्रो) |
| पानी | पानीको उपलब्धता (ठिकै); पानीको गुणस्तर (ठिकै); पानीमा पहुँच (ठिकै) |